नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बारा, कलैया
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन न :०५३-५५०१३३
:०५३-५५०१६६
:०५३-५५०४३३
फ्याक्स :०५३-५५००००

प.सं.-२०७९/०८० (प्र.)
च.नं.:- १६८३५

मितीः- २०८०।०१।१५

विषयः- सक्कलै पत्र पठाईएको सम्वन्धमा ।

श्री जीतपुरसिमरा उपमहानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय
जीतपुर, बारा

उपरोक्त सम्बन्धमा श्री विरगंज जीतपुर गौशाला वीरगंज पर्साको च.नं. १५ मिति २०८०।०१।१५ गतेको प्राप्त पत्रको सक्कलै प्रति यसै पत्र साथ संलग्न गरी पठाएको छ। व्यहोरा उक्त पत्रबाटै अवगत गर्नु भई दूवै पक्ष संग आवश्यक छलफल गराएर मात्र प्रक्रिया अगाडी वढाउने व्यवस्था मिलाउन हुन आदेशानुसार अनुरोध छ ।

.....................
अनुश आचार्य
(प्रशासकिय अधिकृत)

प्रशासकीय अधिकृत

# श्री वीरगंज जीतपुर गौशाला

(स्थापित सं. १९६३)

वीरगंज (नेपाल)

प्रधान कार्यालय : वीरगंज-१०

शाखाहरू :
१. रामगढ़वा
२. जीतपुर
३. लालपर्सा

प. सं. ९५/७९-८०

मिति.........................


क्षः
...न्द्र कुमार संघई

...यक्षः
:श्री बाबुलाल चाचान
:श्री रमेश कुमार अग्रवाल
:श्री सुनिल कुमार खेतान

...-सचिव
देवकी नन्दन अग्रवाल

...षाध्यक्षः
प्रभुदयाल अग्रवाल

...चिव
...शिव कुमार गोयल

...ह-सचिव
श्री संजय खण्डेलवाल

सह-कोषाध्यक्षः
श्री प्रकाश कुमार खण्डेलवाल

...दस्य
श्री मुरलीधर रूगंटा
श्री अशोक टेमानी
श्री सुरेश कुमार गाडिया
श्री रामावतार रूगंटा
श्री प्रकाश सर्राफ
श्री सज्जन कुमार चमड़िया
श्री सुरेश कुमार रूगंटा
श्री प्रदिप कुमार केडिया
श्री बिनय कुमार शाह
श्री रामजीलाल सिकारिया
श्री राम सर्राफ

पदेन सदस्य
वडा अध्यक्षः बी.म.न.पा.-२४
रामगढवा, पर्सा


मिति २०८०/०१/१५

श्रीमान् जिल्ला प्रमुख अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय
कलैया, बारा ।

विषय :- घरटहरा भत्काउने कार्य रोक्का गरी पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा निवेदन यो छ कि जितपुर सिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०८०/०१/१४ गतेको सुचना प्रकाशन अनुसार जितपुर गौशालको नाउँमा दर्ता रहेको जग्गाहरुमा निर्माण भएको संरचनाहरु मिति २०८०/०१/१७ गतेका दिन भत्काउने सम्बन्धमा सूचना जारी भएकोमा त्यसा जग्गामा भएको घरटहराहरु मिति २०७० साल पुर्व नै घरटहराहरु बनाई गाई पालनको लागि गाई गोठको रुपमा उपयोग गर्दै आएका छौं । जितपुर सिमरा उपमहानगरपालिकाबाट सो घरटहराहरुको नक्शा पास गराउने किताव खरीद गरी दर्ता गराई नक्शा पास प्रक्रियामा रहेकोले उक्त जग्गामा भएको घर टहराहरु भत्काउने कार्यअविलम्व रोक्का गरी पाउनको लागि जितपुर सिमरा उपमहानगरपालिका कार्यालयको नाउँमा रोक्का आदेश जारी गरी पाउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

निवेदक
(हस्ताक्षर)
श्री वीरगंज जितपुर गौशाला
प्रभुदयाल अग्रवाल
कोषाध्यक्ष,

(छाप: श्री वीरगंज जीतपुर गौशाला स्थापित-१९६३)

जिल्ला प्रशासन कार्यालय, बारा
दर्ता नं. : ३२३९
मिति: २०८०/१/१५

(हस्तलिखित टिप्पणी, अपठनीय) २०८०/०१/१५

# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ती

जीतपुरसिमरा उपमहानगरपालिकाको सातौं नगरसभाले जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्र रहेका अतिक्रमित सार्वजनिक जग्गाहरु र तिनमा बनेका घर, संरचनाहरु हटाई सार्वजनिक जग्गाहरुको संरक्षण गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय भए बमोजिम मितिः२०८०/०१/१७ गते विहान १० बजे जीतपुर गौशालाको अतिक्रमित जग्गामा बनेको संरचनाहरु हटाउन सूचना प्रकाशन गरिएको र उक्त संरचना हटाउन आवश्यक सहयोग र सुरक्षा व्यवस्था गरिदिन मितिः२०८०/०१/१४ गते जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, ईलाका प्रहरी कार्यालय, सिमरा र जीतपुरलाई पत्राचार गरि सकिएको व्यहोरा सार्वजनिक जानकारी गराउन चाहन्छु ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९७ बमोजिम सार्वजनिक जग्गाहरुको संरक्षण गर्ने र सोही ऐनको दफा २७ को उपदफा ४ बमोजिम विना नक्सा पास निर्माण गरिएका संरचनाहरु स्थानीय सरकारले भत्काउन सक्ने व्यवस्था रहेको छ। जीतपुर गौशालाको नाममा रहेको जग्गा हडप्ने मनासयले केही व्यक्तीहरु मिलि २०५२ सालमा जिल्ला प्रशासन कार्यालय पर्सामा जीतपुर वीरगंज गौशाला नामक गैरसरकारी संस्था खोली अनाधिकृत रुपमा जग्गा अतिक्रमण गरिरहेकोमा सम्मानित जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत हुँदै सर्वोच्च अदालतको मितिः२०७९/०२/२३ को पूर्ण ईजालसबाट जीतपुर वीरगंज गौशाला नामको गैरसरकारी संस्था वा व्यक्ति विषेशको नहुने फैसला भईसकेको हुँदा उक्त जग्गा सार्वजनिक कायम भई नगरपालिकाको मातहतमा आएको समेत आम जनसमुदायमा जानकारी गराउन चाहन्छु ।

मितिः२०८०/०१/१४ गते प्रशासन र सुरक्षा निकायलाई अतिक्रमित जग्गा र नक्सापास विना बनाईएका घर, टहराहरु मितिः२०८०/०१/१७ गते विहान १० बजे खाली गर्न आवश्यक सहयोग र सुरक्षा प्रदान गरिदिनु हुन भनी लेखी पठाईएकोमा जिल्ला प्रशासन कार्यालय बाराको दुवै पक्षबिच छलफल गराई आवश्यक कारवाही गर्ने भनी च.नं.१७८९९, प.सं.२०७९/०८०, मितिः२०८०/०१/१५ को पत्र प्राप्त भएको प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । नेपालको संविधान, २०७२ को धारा २३२ को उपधारा १ बमोजिम संघ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकार्य, समन्वय र सहअस्तित्वको आधारमा हुने भन्ने व्यवस्था भएको र स्थानीय सरकार सञ्चालन,२०७४ को दफा १०६ को १ (च) बमोजिम स्थानीय सरकारले गरेका निर्णय कार्यान्वयन गर्न संघ र प्रदेश सरकारले सहयोग गर्नुपर्ने व्यवस्था भएकोमा स्थानीय सरकारले गर्न लागेको अधिकार क्षेत्रभित्रका क्रियाकलापहरुलाई व्यक्ती सरह मानि दुवै पक्षबिच छलफल गराई आवश्यक कारवाही गर्ने भनी जिल्ला प्रशासन कार्यालयबाट पत्र आउनु लाई जिल्ला प्रशासन कार्यालयले स्थानीय सरकारलाई स्वीकार नगरेको र भू-माफियाहरुको समर्थनमा वकलात गरेको रुपमा जीतपुरसिमरा उपमहानगरपालिकाले बुझेको छ । जिल्ला प्रशासन कार्यालयसंग आवश्यक सहयोग र सुरक्षाको माग गर्दा गर्दै पनि आवश्यक सहयोग र सुरक्षा व्यवस्था नभएमा स्थानीय सरकारको जनताको शक्तिबाट अतिक्रमित जग्गा घर टहरा भत्काईने भएको हुँदा यसबाट पर्न सक्ने सुरक्षा असरको जिम्मा जिल्ला प्रशासन कार्यालयको हुने समेत जानकारी गराउन चाहन्छु ।

राजन पौडेल
नगर प्रमुख

☎ ०५३-४१२१७३ jeetpursimarasubmetropolitan@gmail.com

CamScanner

# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय मधेश प्रदेश, नेपाल

जीतपुर, मधेश प्रदेश, नेपाल

पत्र संख्याः-

चलानी नं.:-

जिल्ला प्रशासन कार्यालयले सहयोग नगरेपनि यही मितिः२०८०/०१/१७ गते बिहान १० बजे स्थानीय सरकारको जनताको शक्तीबाट जीतपुर गौशालमा डोजर चलाईने र अतिक्रमित जग्गा र घर, टहरा भत्काईने भएको हुँदा सम्बन्धित ब्यक्तिहरुले आ-आफ्ना सामाग्रीहरु सुरक्षित रुपमा हटाउनु हुन समेत हार्दिक आग्रह गर्दछु । यदि कसैले अटेर गरी आ-आफ्ना सामाग्रीहरु सुरक्षित रुपमा नहटाई पर्न जाने क्षतिको असर प्रति उपमहानगरपालिका कुनै पनि जिम्मेवार नहुने समेत जानकारी गराउँदछु।

मितिः२०८०/०१/१५

राजन पौडेल

नगर प्रमुख

राजन पौडेल
नगर प्रमुख

☎ ०५३-४१२१७३ jeetpursimarasubmetropolitan@gmail.com

CamScanner